श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

# सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले रामेछाप कारागार कार्यालय तथा ब्यारेक भवन निर्माण गर्नको लागि जनकपुर अञ्चल, रामेछाप जिल्ला भंगेरी धारापानी गाउँ पञ्चायत वडा नं. ९ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

१. रामेछाप आउने जाने मूल सडकदेखि पूर्व, माजबारीको मडुवा ढुंगादेखि पश्चिम, गौरीशंकर हाई स्कूलको बारी सांधदेखि उत्तर, रामेछाप भोटे गाउँ बस्ने नाईके भोटेको छोरा मानबहादुर तामाङको बारी सांधदेखि दक्षिण यति चारकिल्ला-भित्रको मानेडाडाको आवादी बारी जग्गा सोही भंगेरी गाउँ बस्ने मोहनबहादुर श्रेष्ठको अर्द १९ तुल ८ मंडी १५२ को माटो मुरी ९।१० (नौ मुरी दश पाथी) को मालपोत रू. –।८८ (अठासी पैसा) लाग्ने जग्गा कित्ता एक – – – –१

२. रामेछाप आउने जाने मूल सडकदेखि पूर्व, मोहनबहादुर श्रेष्ठको बारीको बढुवा ढुंगा सोझो रामेछाप गाउँ जाने मानेडाडाबाट आउने गल्ली माथि बारीको छेउको ठूलो सिउडीको रूख सोझो पश्चिम, मोहनबहादुर श्रेष्ठको बारी सांधदेखि गडुवा ढुंगा ठाडो सांध मुनि सोझो उतर, मानेडाडाबाट रामेछाप भोटे गाउँ जाने गल्ली-देखि दक्षिण यति चारकिल्लाभित्रको मानेडाडा बारी रामेछाप भोटे गाउँ बस्ने नाइकेको छोरा मानबहादुर तामाङको अर्द १० तुल २० मंडी २०० को माटो मुरी १२।१० (बाह्र मुरी दश पाथी) को मालपोत रू. –।९९ (उनानसय पैसा) लाग्ने जग्गा कित्ता एक – – – – – – – –१

आज्ञाले–
सुन्दरप्रसाद शाह
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।